# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:

मिति: २०७५।१२।१२

श्री प्रमुखज्यू,
ऐरावती गाँउपालिका,
प्युठान ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट ऐरावती गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४५ लाख ७८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३१ लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१३ लाख २० हजार र पेश्की रु.८५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।६।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना पन्ध्र (१५) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# ऐरावती गाँउपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यो गाँउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु मुख्य कार्य रहेको छ । यो गाउपालीकाा अर्न्तगत ६ वडा रहेको ३२ सभा सदस्य १५६.७५ व.की.मी.क्षेत्रफल, २२३९२ जनसंख्या र ५नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| क.सं. | आय शीर्षक | | रकम | क.सं. | व्यय शीर्षक | | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गत बर्षको मौज्दात | | १०४००७८४।४५ | १ | वित्तीय समानिकरण अनुदान चालू खर्च | | १९१६५९१०।५० |
| | | | | २ | वित्तीय समानिकरण अनुदान पूजिगत खर्च | | ९६५५०३१८।०० |
| २ | वित्तीय समानिकरण अनुदान | | १६०४५८०००।०० | ३ | सामाजिक सुरक्षा | | ३२२९७४००।०० |
| ३ | **सशर्त अनुदान** | | | ४ | **सशर्त अनुदान** | | |
| | शिक्षा | ७६८६४४७९।९० | | | शिक्षा | ७६८६४४७९।९० | |
| | स्वास्थ्य | १५९८३५६९।९० | | | स्वास्थ्य | १५९८३५६९।९० | |
| | कृषि | ५९१४२०।०० | | | कृषि | ५९१४२०।०० | |
| | पशु | ५९१०००।०० | | | पशु | ५९१०००।०० | |
| | **जम्मा** | **९४०३०४६९।८०** | ९४०३०४६९।८० | | **जम्मा खर्च रकम** | **९४०३०४६९।८०** | **९४०३०४६९।८०** |
| ४ | सामाजिक सुरक्षा | | ३२३०२०००।०० | ५ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम चालु ने.स. | | १२५५०००।०० |
| ५ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम चालु ने.स. | | १२५५०००।०० | ६ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम चालु फि.स. | | ४७६६९२।०० |
| ६ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम चालु फि.स. | | ६६७०००।०० | ७ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम पुजिगत ने.स. | | ३६८००००।०० |
| ७ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम पुजिगत ने.स. | | ३६८००००।०० | ८ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम पुजिगत फि.स. | | १४४६९९३।०० |
| ८ | पश्चिम नेपाल खानेपानी तथा सरसफाइ कार्यक्रम पुजिगत फि.स. | | १८२००००।०० | ९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | | ४२६१००।०० |
| ९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | | ४२६१००।०० | १० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत | | ६०००००।०० |
| १० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत | | ६०००००।०० | ११ | धरौटी फिर्ता | | १४००००।०० |
| ११ | आन्तरिक आम्दानी | | १३४१८१३।०० | १२ | विपद व्यवस्थापन कोष खर्च | | २६८११०।०० |
| १२ | जि.स.स. अनुदान | | ११६३६२।०० | **१३** | धरौटी बाकी | | ४५०००।०० |
| १३ | धरौटी प्राप्त आय | | १९५०००।०० | **१४** | बैक बाकी | | ५६९५४४३८।९५ |
| | **जम्मा** | | **३०७२९२५२९।२५** | | **जम्मा** | | **३०७२९२५२९।२५** |

| दफा नं. | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **स्थनीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड वनाउनु पर्नेमा निती, कानून र मापदण्ड वनाएको पाइएन । तर द्धितिय तथ्यांकहरुको आधारमा प्रोफाइल तयार गरेको पाइयो । प्राथमिक तथ्यांक संकलन गरि स्थानीय तंथ्यांकलाई भरपर्दो, वास्तविक र विश्वसनिय वनाउन यो वर्ष प्राथमिक तथ्यांक संकलन गरिने जनाएको छ । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर गाँउपालीकाले लेखापरीक्षण अवधि सम्म सफ्टवेयरको प्रयोग गरि लेखा राखेको पाइएन । यस सम्बन्धमा छलफल गर्दा कर्मचारीको अभाव तथा इन्टरनेट सेवाको सरल पँहुचको अभावले गर्दा सफ्टवेयरको प्रयोग गर्न नसकिएको जवाफ प्राप्त भएको छ । कार्यालयले सफ्टवेयर वेगर राखिएको लेखा विश्वनिय र भरपर्दो नहुने भएकोले लेखा भरपर्दो र विश्वसनिय वनाउन कर्मचारी र इन्टरनेटको व्यवस्था गरि सफ्टवेयर मार्फत लेखा राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदा गर्दा करकट्टि रकम समयमा दाखिला नगरेको, पेश्की हिसाव अध्यावधिक नराखेको, सवारी लगवुक अद्यावधिक नराखेको, मर्मत अभिलेख खाता नराखेको, सरकारी सम्पत्तिको लगत अधावधिक नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको जस्ता कैफियत देखिएका छन । कार्यालयको  प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनु पर्दछ । | |
| ४. | **विषयगत कार्यालय :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा गाउपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती, संरचना जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था रहेको छ  । स्थानीय तहले हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरुको लगत तयार गरी यस गाँउपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाँउपालिकाले यस्ता सम्पत्तीको लगत अध्यावधिक गर्नुपर्दछ । | |
| ५. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु | |

अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस गाँउपालीकाले आन्तरिक लेखापरीक्षण शाखा तोकेको पाइएन । यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयवाट आर्थिक वर्ष समाप्त भएपछि गाँउपालीकाको अनुरोधमा सम्पन्न भएको र आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोरा फछ्र्यौट गरेको पाइएन । गाँउपालीकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी चौमासीक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा चौमासिक रुपमा लेखापरीक्षण नगराउँदा आन्तरिक लेखापरीक्षणको प्रभावकारीता देखिएन । आगामी आर्थिक वर्ष देखी आन्तरिक लेखापरीक्षण शाखा तोकि प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षण गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६. **घटी जिम्मेवारी-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.१०९९५८७४।४५ मध्ये कार्यालयले विभिन्न मितिमा पटक पटक गरी रु.१०३४८७३४।४५ मात्र जिम्मेवारी सारेको देखियो । गाँउपालीकाले गत आर्थिक वर्षको अन्तिम मौज्दात भन्दा रु.५९५०९०।००कम जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी सार्न बाँकी देखिएको रु............. — ५९५०९०.००

७. **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ५.७१ प्रतिशत, दोश्रो चौमासिकमा २३.४६ प्रतिशत र तेश्रो चौमासिकमा ७०.८३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा रु ३२८४९१५८।०० अर्थात कुल पुँजिगत वजेटको ३२.१३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । गाँउपालीकाले चौमासिक खर्च व्यवस्थापन गरि तोकिएको चौमासिकमा खर्च गरि खर्च व्यवस्थापनलाई प्रभावकारी वनाउनु पर्दछ ।

| **क्र.सं.** | **बजेट उपशीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **आषाढ महिना** |
| १ | गा.पा.पुजिगत खर्च | ९६५०९८३०.०० | ५८४२२७० | २३९८७६३७ | ६६६७७४३८.०० | २९३६४८१७.०० |
| २ | ३६५८२१४ | ५१२६९९३.०० | ०.०० | ०.०० | ५१२६९९३.०० | २८८४३४१.०० |
| ३ | ३६५८१९४ | ६०००००.०० | ०.०० | ०.०० | ६०००००.०० | ६०००००.०० |
| जम्मा | | १०२२३६८२३.०० | ५८४२२७०.०० | २३९८७६३७.०० | ७२४०४४३१.०० | ३२८४९१५८.०० |
| **प्रतिशत** | | **१००** | **५.७१** | **२३.४६** | **७०.८३** | **३२.१३** |

८. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम स्वित दरवन्दी अनुसारको कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी १७ रहेपनि पदपूर्ति ५ रहेको देखियो । १ अधिकृत सहित १२ पद रिक्त रहेका छन । ति मध्ये १ जना करारमा राखि कार्य संचालन गरिएको छ ।

| | | |
|---|---|---|
| ९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १०. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ११. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था अनुसार प्रोफाइल तयार गरेको देखिएको छ । गाँउपालीकाले उक्त प्रोफाइललाई आधार वनाई दिर्घकालीन रणनिति तयार गरि स्थानी स्रोत साधनको वैज्ञानिक उपयोग मार्फत लाभ तथा व्यवस्थापन गर्नुपर्दछ । | |
| १२. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । गाँउपालीकाको कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्नेमा यो आर्थिक वर्षमा कर्मचारी कल्याण खातामा कुनै रकम विनियोजन गरेको देखिएन । कर्मचारीको व्यवस्थापन गर्नकालागी आन्तरिक आयमा अभिवृद्धि गरि कल्याणकोषमा नियम वमोजिम रकम जम्मा गर्नुपर्दछ । | |
| १३. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले कार्यक्रममा रु.२१००००० वजेट विनियोजन गरेकोमा तालीम संचालन, ब्लाङकेट वितरण, खेलकुद सामाग्रि वितरण, आरन वितरण गरि खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| १४. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम संचालन गरेको पाइएन । गाँउपालीकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको समेत देखिएन । ऐनमा | |

भएको व्यवस्था वमोजिम गाँउपालीकाले वातावरण संरक्षण सम्वन्धि दिर्घकालीन योजना तयार गरी वातावरणीय प्रभावलाई न्युनिकरण गर्ने तथा वातावरण संरक्षण प्रभावकारी वनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१५. **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत सम्वन्धित वडा कार्यालयहरुले राखेको पाइयो । यस्तो व्ययवसायीको लगत एकिकृत रुपमा गाउपालीकाको कार्यालयमा राख्नु पर्नेमा राखेको पाइएन । उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

१६. **वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम गाँउपालीकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाँउपालीकामा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन २०७४ आषाढमा विभिन्न व्यवसायीलाई सुचना गरि ताकेता गरेको पाईयो । लेखापरिक्षणको क्रममा व्यवसायीले व्यवसाय नविकरण गरेको प्रमाण तथा अभिलेख पेश भएन । कार्यालयले वक्यौता कर रहेका व्यवसायी ,फर्म ,पसल आदिको अभिलेख तयार गरि अनुगमन गरि वक्यौता कर असुल गर्नुपर्दछ ।

१७. **मुल्य अभिवृद्धि कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु. २७२२८.०० असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.......... २७२२८.००

| गो भौ नं.,मिति | योजनाको नाम | भुक्तानी भएको मुअ कर | वास्तविक मुअ कर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| ३०,०७४/९/१९ | जौका कयरदीप राजवोट मोटरवाटो | ५४८६१.०० | ४०८४३.०० | १४०१८.०० |
| ४१,०७४/९/२६ | दर्गा मोटरवाटो | ४४६५४.०० | ३८०३८.०० | ६६१५.०० |
| ७४,०७४/१०/१९ | अमिलि रोतोडाडा उपल्लो मोटरवाटो | ३२४७०.०० | २५८७५.०० | ६५९५.०० |
| | | | जम्मा | **२७२२८.००** |

१८. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त हुदा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि कम गरी भुक्तानी गर्नु पर्दछ । गाउपालीकाले देहायाका उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रु. १०५९०३.५६ असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु.......... १०५९०३.५६

| गो भौ नं.,मिति | योजनाको नाम | कार्य सम्पन्न रकम | कार्यालयले व्यहोर्ने प्रतिशत | कार्यालयले भुक्तानी दिनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ७७,०७४/१०/१९ | देउराली | २९६८५६५.०० | ८२.९७ | २४६३०१८.३० | २५०००००.० | ३६९८१.६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समाजकल्याण हुदै धुवाङ्ग जाने मोटरवाटो | | | | ० | |
| ८०,०७४/१०/१९ | देउराली वुडो चौर मोटरवाटो | ५०८७८०.०० | ६७.१३ | ३४१५४५.६० | ४०००००.०० | ५८४५४.३९ |
| ३०१,०७४/३/१९ | चौपाटी देखि धुवाङ्ग मोटरवाटो | १२२०२४.५७ | ७०.१० | ८५५३२.४३ | ९६०००.०० | १०४६७.५६ |
| | | | | | | १०५९०३.५६ |

१९. **व्यवस्थापन तथा ढुवानी खर्चः** सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम लागत अनुमानमा समावेश भएको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिनजेन्सी लगायतको रकम कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । साथै उपभोक्ता समितिलाई अन्यकुनै किसिमको व्यवस्थापन खर्च भुक्तानी गर्ने व्यवस्था छैन । कार्यालयले यो वर्ष संचालित विभिन्न योजनामा लागत अनुमानका अतिरिक्त ढुवानी तथा व्यवस्थापन खर्च भनि लागत अनुमानको २०.६८ प्रतिशत सम्म मुल्याकंन गरि भुक्तानी गरेको पाइयो । नियममा भएको व्यवस्था वमोजिम ढुवानी खर्च आइटमको प्रतिइकाई दरमा समावेश गरि अन्य खर्चलाई निरुत्साहित गरि योजना लागत न्युनिकरण गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ । यसका केही उदाहरण निम्न अनुसार रहेका छन ।

| गो भौ नं., मिति | योजनाको नाम | कार्य सम्पन्न रकम | भुक्तानी | ढुवानी तथा व्यवस्थापन खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| २२९,०७५/३/१७ | ध्रुव प्रावि खेल मैदान | १३९१५३.०० | ९६०००.०० | ८०००.०० | ५.७४ |
| ३००,०७४/३/१७ | वातावरण विपद हरिया गाँउ | १३२९३६.०० | ९६०००.०० | २७५००.०० | २०.६८ |
| २४४,०७४/२/३१ | नरगें सल्लेरी खानेपानी | ४४५४८५.६९ | ३४००००.० | ३२८००.०० | ७.३६ |
| ३०४,०७५/३/१९ | रत्नेश्वरी प्रावि तारजाली | ६५६६४.३१ | ४८०००.०० | ८०००.०० | १२.१८ |

२०. **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । गाँउपालिकाले अनमी ,अहेव, सव ओ. सी. जस्ता पदमा विभिन्न मितिमा सम्झौता गरी कार्यपालीकावाट स्वीकृत गरी ३१ कर्मचारी नियुक्ती गरी तलव खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा छनौट समितिले सिफारिस गरि  गाँउकार्यपालीकावाट सिफारिसको आधारमा विभिन्न मिति बाट लागू हुने गरी करार सेवा गरी यस  आर्थिक वर्षमा रु.४३९७,४४०।०० खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन ।

२१. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने तथा उप नियम १३ क वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै कार्य सव कन्ट्रयाक्ट वाट गराउन नहुनेमा गराई निर्माण कार्यमा मुल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको देखियो । प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पुर्ण पालना गरेको देखिएन । उपभोक्ता समिति बाट हुने सवै बाटो तथा फिल्ड निर्माण कार्यमा हेभि इक्वीपमेन्ट प्रयोग गरि सव कन्ट्रयाक्टवात काम गराई निर्माण व्यवसायीलाई नै भुक्तानी गरेको देखिएकोले निर्माण कार्यमा प्रतिस्पर्धा नहुने, लागत वृद्धि हुने हुँदा नियमावलीमा भएको व्यवस्था बमोजिम जटिल प्राविधिक कार्य प्रतिस्पर्धात्मक रुपमा गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। यसका केही उदाहरण निम्न वमोजिम छ।

| **गो भौ नं.,मिति** | **योजनाको नाम** | **कार्य सम्पन्न** | **निर्माण व्यवसायीको नाम** | **भुक्तनी रकम** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २११,२०७५/२/२९ | मोतीखन्ने कोलवाङ्ग मिठावगर मोटरवाटो | २७८०६३४.०० | योद्धा निर्माण सेवा | २३०२६१८.०० |
| १२८,०७५/१/३१ | घडेरी डाडा तालपोखरी मोटरवाटो | ६०२०६४.५० | सन्तोष कन्टक्सन | ४७६८७२.३५ |
| ५१,०७४/१०/१७ | कुनौटा थापाटोल टाकुरा शिशुकल्याण प्रावि | १२०५२६०.७४ | जमुना निर्माण सेवा प्रा.ली | ९६००००.०० |
| १२४,०७५/१/२८ | चुकाहा जुदा थेडा ऐरावती लामीदमार मोटरवाटो | १२०१९३२.८२ | पुष्पाञ्जली निर्माण सेवा | ९५२६३८.६९ |
| ३७१,०७५/३/२६ | टाकुरा सलेना मोटरवाटो | ३०७८६२३.०० | सन्तोष कन्सटक्सन | २६८३२००.०० |
| २००,०७५/२/२८ | पुरानो ठाटि देउराली नेपाने चिदिवास दरमान मोटरवाटो | ३५६५०४४.०० | पुष्पान्जली निर्माण सेवा र लाल निर्माण सेवा | २९७६०००.०० |
| १८७,०७५/२/७ | वाटाचौर कोलवोट सलेना मोटरवाटो | ६६२२१६.६२ | सन्तोष कन्सटक्सन | ६३५७१६.८० |

२२. **दोहोरो मुल्य अभिवृद्धि करः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समिति मार्फत गरिने निर्माण कार्यको लागत अनुमान तयार गर्दा त्यस्तो लागत अनुमानमा मुल्य अभिवृद्धि कर समेत थप गरि तयार गरिसकेकोमा लाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सकेकोमा कार्य सम्पन्न भई विलको भुक्तानी गर्दा पुनः १३ प्रतिशत मुल्यअभिवृद्धि कर समावेश गरि देहायका ३० योजनामा २२३७१९४.६७ दोहोरो मुल्य अभिवृदि कर भुक्तानी गरेको पाइएकोले असुल गर्नुपनर्ने रु........... २२३७१९४.६७

| गो भौ नं.,मिति | योजनाको नाम | मु अ.कर समेत भुक्तानी हुनुपर्ने रकम | वढि थप १३ प्रतिशत मु .अ. कर | निर्माण व्यवासयीको नाम |
|---|---|---|---|---|
| ३४,०७४/६/२० | पातालपोखरी धुनकोट देउराली सिमलचौर मोवा | १२२९०७.०० | १५९७८.०० | लाल निर्माण सेवा |
| ६३,०७४/१०/१९ | सिमलचौर लेप्लेखोल मोटरवाटो | ८१३३६१.५३ | १०५७३७.०० | एम एस पाण्डे कन्सटक्सन प्राली |
| ७५,०७४/१०/१९ | देउराली छेडागाढ सिम्पानी मोटरवाटो | १२७५४६.०० | १६५८१.०० | योद्धा निर्माण सेवा |
| ७७,०७४/१०/१९ | देउराली समाज सुधार प्रावि हुदै धुवाङ्ग सम्म जाने मोटरवाटो | २१९५३८४.६१ | २८५४००.०० | सन्तोष कन्सटक्सन निर्माण सेवा |
| ९५,०७५/१/२ | चिउरापानी ओखलाढुगां हात्तिपाइला मोटरवाटो | ६६२११५.३८ | ८६०७५.०० | |
| १०५,०७५/१/२३ | सलेनधारा मोटरवाटो | ७१२३८.०० | ९२६१.०० | |
| २००,०७५/२/२८ | पुरनठाटि देउराली नेपाने चिडिवास दरमान मोटरवाटो | ४८२१३८.०० | ६२६७८.०० | पुष्पाञ्जली निर्माण सेवा |
| २००,०७५/२/२८ | पुरनठाटि देउराली नेपाने चिडिवास दरमान मोटरवाटो | २१२३९४६.१५ | २७६११३.०० | लाल निर्माण सेवा |
| २१५,०७५/२/२९ | जामुने डुमृ काप्रेपाटा मोटरवाटो | २४९७६९.२३ | ३२४७०.०० | सन्तोष कन्सटक्सन निर्माण सेवा |
| २६४,०७५/३/३ | हरिया खोला जामुने उखुवारी मोटरवाटो | ४०७३६८.३६ | ५२९५७.८९ | सन्तोष कन्सटक्सन निर्माण सेवा |
| २६६,०७५/३/३ | देउराली हावुङ्ग नेपाने लुङ्गचुङ्ग मोटरवाटो | १५०७६७.०० | २०५०९.०० | पुष्पाञ्जली निर्माण सेवा |
| ३०,०७४/९/१९ | डाडा कयरदीप साजवोट मोटरवाटो | ४२१९६१.५३ | ५४८५५.०० | एम एस पाण्डे |

| | | | | |
|---|---|---|---|---|
| | | | | कन्सटक्सन प्राली |
| ३१,०७४/९/१९ | सलेना मान्द्री मोटरवाटो | ४३०००.०० | ५५९०.०० | एम एस पाण्डे कन्सटक्सन प्राली |
| ३८६,०७५/३/३१ | कुमारटारी देउराली हुँदै भंगारी मोटरवाटो | ७९६४४.०० | १०३४६.०० | एम एस पाण्डे कन्सटक्सन प्राली |
| ३२,०७४/९/१९ | सालेना मान्द्री मोटरवाटो | ३३३३३२.७४ | ४३३३३.२५ | एम एस पाण्डे कन्सटक्सन प्राली |
| १२४,०७५/१/२८ | चुकाहा जुदा ऐरावती लमीदमार नौघाट मोटरवाटो | ९२१८०५.५९ | ११९८३४.७३ | पुष्पाञ्जली निर्माण सेवा |
| २९४,०७४/३/१५ | ऐरावती लामीदमार मसिना कात्तिके रानीवास नेपाने मोटरवाटो | ४०८०२४.२२ | ५३०४३.१५ | पुष्पाञ्जली निर्माण सेवा |
| ३७१,०७५/३/२६ | टाकुरा सलेना मोटरवाटो | २२३६७४५.२३ | २९०७७६.८८ | सन्तोष कन्सटक्सन |
| २९१,२०७५/२/२९ | मोतिखाने साजवास कोल्वाङ्ग साथिकुरे मिठावगर मोटरवाटो | २०३७७१५.८२ | २६४९०३.०६ | |
| २०९,०७४/२/२९ | ऐरावती सालीकोट घाके पातलेपोखरी मोटरवाटो | ४७६३८१.५५ | ६१९३९.६० | एम एस पाण्डे कन्सटक्सन प्राली |
| १८८,०७५/२/६ | आपरुख सल्लेना मोटरवाटो मर्मत | १४८७०८.०१ | १९३३२.०४ | एम एस पाण्डे कन्सटक्सन प्राली |
| १६६,०७५/२/६ | षालुशिद्ध प्रावि देखी थुम मोटरवाटो निर्माण | ३२१७६.६८ | ४१८२.९७ | एम एस पाण्डे कन्सटक्सन प्राली |
| १२८,०७४/१/३१ | घडेरीडाडा तालपोखरी मोटरवाटो | ४२२०१०.९३ | ५४६८१.४२ | सन्तोष कन्सटक्सन |
| १८०,०७५/२/७ | सुर्यमुखी जाडि सान्नी डाडा पत्रेखोला मोटरवाटो निर्माण | २३७६००.१४ | ३०८८८.०२ | जमुना निर्माण सेवा प्राली |
| १८७,०७५/२/७ | वाटाचौर कोलवोट सालेना मोटरवाटो | ५६२५८१.२४ | ७३१३५.५६ | सन्तोष कन्सटक्सन |
| १३८,०७४/२/१ | डावर वेल्वोट अमिलि मोटरवाटो | ३६१०९९.९६ | ४६९४८.०० | एम एस पाण्डे कन्सटक्सन प्राली |
| १३०,०७५/१/३१ | लुम्जामोटरवाटो | २४०७१२.७३ | ३१२९३.३४ | सन्तोष कन्सटक्सन |
| २२५,२०७४/२/३० | चेरनेटा जावुने ऐरावती मोटरवाटो | ९८५२२.९७ | १२६०७.९९ | सन्तोष कन्सटक्सन |
| ५१,०७४/१०/१७ | कनौटा थापाटोल टाकुरा शिशुकल्याण मोटरवाटो | ४९२२१६.२४ | ६३९८८.११ | जमुना निर्माण सेवा प्राली |
| ७०,०७४/१०/१९ | अमिली वाजी पोखरी कोलवोटे पातीचौर मोटरवाटो | २४४२७४.३३ | ३१७५५.६६ | जमुना निर्माण सेवा प्राली |
| **जम्मा** | | **१७२०५०५५.१७** | **२२३७१९४.६७** | |

| | | |
|---|---|---|
| २३. | **फरक दर:** ६७,०७४/१०/१९, कार्यालयले प्रचलित जिल्ला दररेट तथा नर्म्स अनुसार प्राविधिक मुल्याकंन गर्नुपर्दछ । गाँउपालीकाले हर्नाघाट रिङ्गरोड मोटरवाटो निर्माण कार्यको प्राविधिक मुल्याकंन गर्दा नरम चट्टान ४१२ घनमिटरको प्रतिघनमिटर रु.१५८। का दरले कुल मुल्याकंन रु.६५०९६।०० गर्नुपर्नेमा प्रतिघनमिटर रु.२४०।०० दरले मुल्याकंन गरि रु.९८८८०।०० वजेट खर्च लेखेको देखियो । फरक दर कायम गरि वढि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु........... | ३३७८४.०० |

२४. **पकला जामुने वरौला देखि दाङ्गवाङ्ग मोटरवाटोः** गाँउपालीकाले जामुने वरौला देखी दाङ्गवाङ्ग जाने मोटरवाटो निर्माण गर्नको लागि कडा माटो, नरममाटो, नरम चट्टान समेत को कार्यका लागि डोजरवाट गराउने उल्लेख भएको देखिन्छ । कार्यालयले कार्य सम्पन्न गर्ने अवस्थामा मानिसले कार्य गरेको देखाई निम्न आइटममा मानिसको दर प्रयोग गरि प्राविधिक मुल्याकंन गरेको देखिन्छ । उपभोक्ता समितिले उक्त निर्माण कार्य निर्माण व्यवसायी पुष्पाञ्जली निर्माण सेवालाई लगाई रु.७१४६१२।०० को मुल्य अभिवृद्धि कर विजक समेत भुक्तानी गरेको विल पेश भएको देखिन्छ । उपभोक्ता समितिले डोजर मार्फत कार्य गरेकोमा प्राविधिक मुल्याकंन मानिसको दरको आधारमा गरी उक्त परिमाणको निर्माण कार्यको लागि देहाय वमोजिम रु.६९०५२७०१२ वढि मुल्याकंन भएको देखिन्छ । यसरी मेशिनवाट काम लगाई मानिसको दर प्रयोग गरेको सम्वन्धमा कार्यलयवाट छानविन गरि वढि भुक्तानी रकम असुल गर्नुपर्ने रु.... ६९०५२७.०१

| आइटम | परिमाण( घ.मि.) | डोजरको दर | जम्मा | मानिसको दर | जम्मा | वढि मुल्याकंन |
|---|---|---|---|---|---|---|
| नरम माटो | ११८३.४९ | ५९.८६ | ७०८४३.७११ | २८३.२५ | ३३५२२४ | २६४३७९.८ |
| कडा माटो | ११०३.७७ | ७२.४७ | ७९९९०.२१२ | ३३९.९ | ३७५१७१ | २९५१८१.२ |
| नरम चट्टान | ८७.८९ | १५८ | १३८८६.६२ | ५६६.५ | ४९७८९.७ | ३५९०३.०७ |
| कडा चट्टान | ५९.२२ | ९४४ | ५५९०३.६८ | २५४९.३ | १५०९६७ | ९५०६२.९१ |
| **जम्मा** | | | **२२०६२४.२२३३** | | **९१११५१.२४** | **६९०५२७.०१२** |

२५. **जिन्सीः** आथिक कार्यविधि नियमावली, २०६४ को निमय ५० वमोजिम कार्यालयमा लगत खडा गरि राखिएको जिन्सी मालसामानको अवस्थाका सम्वन्धमा कार्यालय प्रमुखले कम्तीमा १ पटक जिन्सी निरिक्षण गर्न लगाई प्राप्त प्रतिवेदन तालुका कार्यालयमा पठाउनुपर्ने र तालुक कार्यालयवाट १ महिना भित्र कुनै निर्देशन प्राप्त भए सो वमोजिम अन्यथा ६ महिना भित्र लिलाम गर्नुपर्ने र ३ महिना मर्मत गर्नुपर्ने मालसमान मर्मत गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष जिन्सी निरिक्षण गरेकोमा विभिन्न १० प्रकारका १६थान मालसामान जस्तै कम्प्युटर १ थान, क्यामरा १ थान, कम्प्युटर डेस्कटप ३ थान, प्रिन्टर थान १, काठको टेवुल ४ लगायतका सामाग्रि विग्रेकोमा सो मर्मत गर्नुपर्ने वा लिलाम गर्नुपर्ने छुट्याउनुपर्नेमा छुट्याएको नपाइएकोले छुट्याई नियममा भएको व्यवस्था वमोजिम लिलाम वा मर्मत गर्नुपर्दछ ।

२६. **मुल्य नखुलेको जिन्सीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४) वमोजिम कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये पुरानो मालसामानको मुल्य कारणवस खुल्न नसकेको अवस्थामा कार्यालय प्रमुखको अध्यक्षतामा नियममा तोके वमोजिमको समितिवाट मालसामानको अवस्था र प्रचलित वजार मुल्य समेत विचार गरि मुल्य खुलाई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष जिन्सी निरिक्षण प्रतिवेदन गरेकोमा विभिन्न १८ प्रकारका २४ थान मालसामान जस्तै स्टील दराज २, कम्प्युटर १, ल्यापटप १, क्यामारा सोनी १, प्रिन्टर १, मोनीटर १,स सिवल्वीङ्ग कुर्सी २, डवल वक्स टेवुल १, अन्य टेवुल २ लगायतका मालसामानहरुको मुल्य खुलाई राखेको पाइएन । नियमावलीमा भएको व्यवस्था वमोजिम मुल्य खुलाई राख्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२७. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपाललिकाले ऐनमा भएको व्यवस्था बमोजिम नगरी सालवसाली

योजनाहरु मात्र निर्माण गरेको देखियो । ऐनमा भएको व्यवस्थाको पालना गरि योजनाको प्राथमिकिकरण गर्नुपर्दछ ।

२८. **न्याय सम्पादनः** गाँउपालीकाले यो वर्ष न्यायीक समिति मार्फत मुद्दा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलाप भई टुङ्गीएको अभिलेख परीक्षण गर्दा कुल १७ वटा मुद्धा दर्ता भएकोमा ८ वटा फछ्र्यौट भएको, ६ वटा मेलमिलाप गरि फछ्र्यौट गरेको छ भने वाँकी ९ वटा मुद्धा फछ्र्यौट गर्न बाँकी रहि आगामि वर्षलाई जिम्मेवारी सारेको देखिन्छ ।

**शिक्षातर्फः**

२९. **बढि निकासाः** विद्यालयलाई छात्रवृति र पाठयपुस्तकको रकम निकासा दिदा शिक्षा विभागले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार फ्ल्यास रिर्पोट को संख्यालाई आधार मानेर दिनुपर्ने व्यवस्था छ । तर निम्न विद्यालयलाई फ्ल्यास रिपोर्टमा उल्लेखित संख्या भन्दा बढी निकासा दिएको पाईएकोले उक्त रकम असुल गर्नुपर्ने रु.... १५४३८.००

**पाठ्यपुस्तक वढि भुक्तानीः**

| सि.नं. | विद्यालयको नाम | विधालयलाई दिएको निकासा | विल भरपाई अनुसारको खर्च | बढि भुक्तानी |
|---|---|---|---|---|
| १ | जन कल्याण आधारभुत विधालय | ७११५६.०० | ७०९५६.०० | २००.०० |
| २ | भगवती प्रावि , खर्केडाडा | १५६५६.०० | १२६७०.०० | २९८६.०० |
| ३ | स्वरस्वती प्रावि , ढुगेंपोखरी | २१५१८.०० | १८४६२.०० | ३०५६.०० |
| ४ | ध्रुव प्रावि, ओखाती | ८३७४.०० | ७१७८.०० | ११९६.०० |
| **जम्मा** | | **११६७०४.००** | **१०९२६६.००** | **७४३८.००** |

**छात्रवृति भुक्तानीः प्रतिविद्यार्थी रु.४०० का दरले**

| सि.नं. | विद्यालयको नाम | निकासा दिएको संख्या | वितरण गरेको संख्या | बढि भुक्तानी |
|---|---|---|---|---|
| १ | जनकल्याण निमावी ,रानिवास | ४६ | ४५ | ४००.०० |
| २ | शान्ती प्रावि, वैरेनी | १७ | १२ | २०००.०० |
| ३ | समाज कल्याण प्रावि, तिलकेनी | १९ | १८ | ४००.०० |
| ४ | भगवती प्रावि ,खर्केडाडा | ४२ | ४० | ८००.०० |
| | पाटेश्वरी प्रावि, दिपकला | २९ | २३ | २४००.०० |
| | स्वरस्वती प्रावि , ढुंगेपोखरी | २७ | २३ | १६००.०० |
| | गणेश प्रावि, कोलवाङ्ग | १ | ० | ४००.०० |
| **जम्मा** | | | | **८०००.००** |

३०. **वढि निकासाः** गाँउपालीकाले शिक्षकको दरबन्दी अनुसार तोकिएको रकम विद्यालयलाई निकासा दिनु पर्दछ । कार्यालयले देहायका विद्यालयहरुको चौमासिक निकासा गर्दा विभिन्न ३ विद्यालयमा रु.४३४५१.८० बढि निकासा गरेको देखियो । अतः वढी निकासा रकम सम्बन्धित विद्यालयवाट असूल गरी राजस्व दाखिला गर्नु पर्ने रु............... ४३४५१.८

| सि.न. | विद्यालयको नाम | निकासा दिनुपर्ने | निकासा गएको | बढी रकम |
|---|---|---|---|---|
| १ | जनता मावि , विजुली | ८३१५५७.८० | ८३००१३.९० | १५४३.९० |
| २ | धर्मोदय मावि , जामुने पकला | ६८२९५३.३० | ६४९३६४.०० | ३३५८९.३० |
| ३ | दाङ्गवाङ्ग मावि, दाङ्गवाङ्ग | ९०४८४६.६० | ८९६५२८.०० | ८३१८.६० |

| | | |
|---|---|---|
| | जम्मा | **४३४५१.८** |

**चालु खर्च तर्फः**

**पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना**

३१. **समपुरककोष खर्चः** पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना अर्न्तगत गाँउपालीकाले योजना संचालन गर्दा कार्यक्रम वमोजिम समपुरक कोष वापतको रकम व्यहोर्नुपर्ने व्यवस्था रहेको छ ।यस आयोजना अर्न्तगत कार्यालयले देहाय वमोजिम वजेट विनियोजन गरेकोमा गाँउपालीकाको समपुरक कोषको रकम वजेट खर्च गरेको छैन । नेपाल सरकारले सह लगानीमा कार्यक्रम संचालन गर्नको लागि विनियोजित वजेटवाट मात्र कार्यक्रम संचालन गर्नु नियम सम्मत देखिएन । कार्यक्रम वमोजिम गाँउपालीकाले यो वर्ष समपुरक कोषवाट खर्च गर्नुपर्ने रु.९०६२१४.०० संचितकोषमा मौज्दात भएकोले समपुरक कोषको अनुपातमा नेपाल सरकारवाट प्राप्त रकमा फ्रिज गर्नुपर्ने अन्यथा आगामि वर्षमा हिसाव मिलान गर्नुपर्ने रु............. ७२३७१४.६६

| विवरण | वजेट | | | खर्च | | | फरक रकम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेस | फिनल्याण्ड | गापा | नेस | फिनल्याण्ड | गापा | नेस | फिनल्याण्ड | गापा |
| चालु | १२५५००० | ६६७००० | ६७०००.०० | ८५८५८३.०० | ४७६६९२.०० | ० | - | - | ४४९८०.०० |
| पुजिगत | ३६८०००० | १८२००००० | ८३९२१४.०० | ३३०६९९३.०० | १८२०००0.00 | ० | - | - | ६७८७३४.६६ |
| **जम्मा** | **४९३५०००** | **२४८७०००** | **९०६२१४.००** | **४१६५५७६** | **२२९६६९२** | **०** | **-** | **-** | **७२३७१४.६६** |

**पशु तर्फः**

३२. **अनुदान भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१ मा आर्थिक सहायताको लागी बजेट पेश गर्दा लक्ष्य, कार्यक्रम लागत प्रष्ट खोली पेश गर्नु पर्ने दिएको अनुदानको आय व्यय विवरण प्रयोजन अनुकुलको खर्च लेखापरिक्षण अध्ययन अनुगमन गरी कार्यक्रमको भौतिक उपलब्धी वित्तिय प्रतिवेदन सहितका विवरण तयार गनुपर्ने व्यवस्था छ । गाँउकार्यपालिकाले विभिन्न अनुदानको निम्न अनुसारको रु.१,३५३,२००।०० अनुदान वितरण गरेको छ। वितरण अनुदान रकमको वास्तविक प्रयोग भएको यकिन गर्ने, सम्बन्धीत कृर्षक समुह लाई उपलब्ध गराएकोमा अनुदान रकम सम्झौता बमोजिम अनुगमन तथा अनुदानको वास्तविक उपयोगीताको मुल्यांकन गरी अनुगमन प्रतिवेदन पेश गर्नु पदर्छ ।

| सि.नं. | गो.भौ नं. मिति | अनुदान पाउने समुहको नाम | अनुदान रकम |
|---|---|---|---|
| | | | |
| १ | १०,२०७५/१०/४ | साझेदारी मासु पसल | ५०,०००.०० |
| २ | ११,०७५/२/१ | गग्रमिण कुखुरापालन धन वहादुर कुँवर | २००००.०० |
| ३ | २६,०७५/३/२० | भकारो सुधार कार्यक्रम ३० समुह | १५६०००.०० |
| ४ | १५, ०७५/२/३१ | वाखाखोर सुधार ४० समुह | २४००००.०० |
| ५ | १७,०७५/२/२१ | अण्डामा आत्म निर्भर १० जनालाई | १५००००.०० |
| ६ | १८, ०७५/३/५ | युवा लक्षीत कार्यक्रम कमल गिरी | ३००००.०० |
| ७ | १९, २०७५/३/५ | युवा लक्षीत कार्यक्रम हुक वहादुर पुन | ३००००.०० |

| | | | |
|---|---|---|---|
| ८ | २०, ०७५/३/१४ | ग्रामिण कुखुरा प्रर्वद्धन  हरि गिरी | २००००.०० |
| ९ | २१, ०७५/३/१२ | उन्नत वोका खरिद १४ जनालाई | १३५२००.०० |
| १० | २३, ०७५/३/१४ | ग्रामिण कुखुरा  प्रर्वद्धन महेन्द्र राउत | २००००.०० |
| ११ | २३, ०७५/३/१४ | ग्रामिण कुखुरा  प्रर्वद्धन शारादा थापा | २००००.०० |
| | **पशु विकास कार्यक्रम** | | ०.०० |
| १२ | ८,०७५/२/२७ | लेयर्स पालक कृषक अनुदान पन्नालाल सुधार | ४००००.०० |
| १३ | ९, ०७५/३/२० | डिपिङ्ग टेंकी निर्माण ५ समुह | १०००००.०० |
| १४ | ११,०७५/३/२० | कुखुरा फार्म अनुदान हेमकला थापा | २००००.०० |
| १५ | १४, ०७५/३/२० | कुखुरा फार्म अनुदान सुरज जिसी | ४००००.०० |
| १६ | १६, ०७५/३/२६ | कुखुराको चल्ला वितरण ३० जनालाई | १५७०००.०० |
| | **पशुसेवा आहार कार्यक्रम** | | ०.०० |
| १७ | ५,०७५/२/४ | उन्नत वोका खरिद | ७५०००.०० |
| १८ | ६,०७५/३/५ | नर्सरी स्थापना लाल मणि पाण्डे | ५००००.०० |
| **जम्मा** | | | **१,३५३,२००** |

**कृषितर्फः**

३३. **अनुदान भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१ मा आर्थिक सहायताको  लागी बजेट पेश गर्दा लक्ष्य, कार्यक्रम लागत प्रष्ट खोली पेश गर्नु पर्ने दिएको अनुदानको आय व्यय विवरण प्रयोजन अनुकुलको खर्च लेखापरिक्षण अध्ययन अनुगमन गरी कार्यक्रमको भौतिक उपलब्धी वित्तिय प्रतिवेदन सहितका विवरण तयार गनुपर्ने व्यवस्था छ । गाँउकार्यपालिकाले विभिन्न अनुदानको निम्न अनुसारको रु.१४४०७३१.०० अनुदान वितरण गरेको छ। वितरण अनुदान रकमको वास्तविक प्रयोग भएको यकिन गर्न सम्बन्धीत कृर्षक समुह लाई उपलब्ध गराएको अनुदान रकम सम्झौता बमोजिम अनुगमन तथा अनुदानको वास्तविक उपयोगीता को मुल्यांकन गरी अनुगमन प्रतिवेदन पेश गर्नु पदर्छ।

| **सि.नं.** | **गो.भौ नं. मिति** | **अनुदान पाउने समुहको नाम** | **अनुदान रकम** |
|---|---|---|---|
| १ | ८, ०७४/१०/१९ | ५० प्रतिशत अनुदानमा डिजिटल तराजु,त्रिपाल १००थान, स्पेयर टेंकी १४ थान, फुट स्प्रे टेंकी | १८७०००.०० |
| | १०,०७५/१/१६ | मौरी गोला सहित ५०सेट तथा  अदुवाको विउ १० क्विन्टल | २७५०००.०० |
| | ११,०७५/२/२ | धान, तोरी , गँहु तथा मकैको विउ | ३५०००.०० |
| | १३,०७५/३/२४ | पावरटेलर अनुदान विजेन्द्र थापा | ९२५००.०० |
| | १४, २०७५/३/२४ | कागती मौसम विरुवा, अन्य विउ विजन | १२००००.०० |
| प्रधानमन्त्री कृषि परियोजना अनुदान | | | ०.०० |
| | ५,०७५/३/२० | वेसार उत्पादन पकेट संचालक समिति | ४४७२३१.०० |
| | ६,०७५/३/२० | खडेकेश्वरी कृषक समुह | १४४०००.०० |
| | ७,०७५/३/२० | खडेकेश्वरी तल्लो आर्जाम टोल र विउ उत्पादन कृषक समुह | १०००००.०० |
| | ५,०७५/२/२ | सिटविन अनुदान कर्ण सुनार | ४००००.०० |
| **जम्मा** | | | **१४४०७३१.००** |

**वन तर्फ**

३४. **न्युन प्रगतीः** कार्यालयले अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ

। गाँउपालीकाले वन तर्फका विभिन्न  २ कार्यक्रम संचालन गर्न रु.१०००००।०० वजेट व्यवस्थापन गरेकोमा उक्त कार्यक्रममा शुन्य प्रगति हासिल गरेको देखियो । शुन्य प्रगति हासिल गरेको सम्वन्धमा कार्यालयले उचित कारण समेत उल्लेख गरेको देखिएन। तोकिएको वजेटको समिभित्र रहि निर्धारित समयमा तोकिएको लक्ष्य हाँसिल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| सि.नं. | विषय | लक्ष्य | वजेट | प्रगती |
|---|---|---|---|---|
| १ | गाँउ वस्ती नजिक डढेलो जोखिम चक्र वन क्षेत्रको व्यवस्थापान | १ | ५०००० | ० |
| २ | कार्यक्रम अनुगमन | १ | ५०००० | ० |

३५. **अनुदानः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१ मा आर्थिक सहायताको लागी बजेट पेश गर्दा लक्ष्य, कार्यक्रम लागत प्रष्ट खोली पेश गर्नु पर्ने दिएको अनुदानको आय व्यय विवरण प्रयोजन अनुकुलको खर्च लेखापरिक्षण अध्ययन अनुगमन गरी कार्यक्रमको भौतिक उपलब्धी वित्तिय प्रतिवेदन सहितका विवरण तयार गनुपर्ने व्यवस्था छ । गाँउकार्यपालिकाले विभिन्न अनुदानको निम्न अनुसारको रु.१०८५०००.०० अनुदान वितरण गरेको छ । वितरण अनुदान रकमको वास्तविक प्रयोग भएको यकिन गर्ने सम्बन्धीत कृषक समुह लाई उपलब्ध गराएको अनुदान रकम सम्झौता बमोजिम अनुगमन तथा अनुदानको वास्तविक उपयोगीता को मुल्यांकन गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ ।

| सि.नं. | अनुदान पाउने समुहको नाम | अनुदान रकम |
|---|---|---|
| १ | खुर्सानी डाडा वन उपभोक्ता समुह (वाखापालन) | ५००००.०० |
| २ | हिमाली वन उपभोक्ता समुह( अमृसो रोपण) | ५००००.०० |
| ३ | पौरखी वन उपभोक्ता समुह( वाखापालन) | ८००००.०० |
| ४ | खल्ट्र गैरा वन उपभोक्ता समुह( अमृसो निगालो रोपण) | ५००००.०० |
| ५ | फलफुल विरुवा वितरण( कागती , सुन्तला, अनार) | १५००००.०० |
| ६ | हर्वूदिप कवुलियति वन(अमृसो रोपण) | २०००००.०० |
| ७ | तेजपात खेती विस्तार | ३८५०००.०० |
| पुँजिगत तर्फ | | ०.०० |
| ८ | वोयर वोका खरिद अनुदान ७ वटा | १२००००.०० |
| | **जम्मा** | **१०८५०००.००** |

३६. **विरुवा वितरणः** गाँउपालीकाको कार्यालयले वग्रैला इलाका वन कार्यालय मार्फत उत्पादन भएको ३१९२८ गोटा विरुवा मध्ये  १९६३३ गोटा विरुवा विक्रि वितरण गरि रु.८०१३४।५० आम्दानी गरेको देखियो । उत्पादन भएको विरुवा मध्ये १२२९५ गोटा विरुवा हालसम्म पनी नर्सरीमा मौज्दात देखिएको छ । विरुवाको माग, आवश्यकताको मुल्याकंन गरि विरुवा उत्पादनमा लगानी गर्ने र उत्पादीत विरुवा विक्रि वितरण गरि प्राप्त आम्दानी दाखिला गर्नुपर्दछ ।

**स्वास्थ्य तर्फ**

३७. **वेरुजुः** गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.३३ लाख ७० हजार, अनियमित वेरुजु रु.४४ लाख ३ हजार, प्रमाण कागजात पेश नभएको रु.२० लाख ७० हजार र पेश्की वाँकी देखिएको रु.१८ लाख ७९ हजार समेत रु.१ करोड १७ लाख २२ हजार वेरुजु कायम भएकोमा प्रतिक्रियावाट समायोजन भै रु.४५ लाख ७८ हजार वेरुजु कायम भएको छ ।

३८. **अनुगमन तथा मूल्यांकन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछर्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) | यो वर्ष फछर्यौट | बाँकी |
|---|---|---|

<table>
<tr><td></td><td><table><tr><td>१७०१०००.००</td><td>१०९४०००.००</td><td>६०७०००.००</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>सम्परिक्षणवाट देखिएका व्यहोराहरु</td><td></td></tr>
<tr><td>३९.</td><td>वढि भुक्तानी: आ.व. २०७३/७४ मा कायम भएको वेरुजु दफा ९ मा सुदिप सुवेदीको नाममा रहेका कर कट्टा दाखिला गर्न वाँकी रु.५४००।००,  दफा ३१ मा दैनिक तथा भ्रमण भत्ता वढि भुक्तानी रु.७५००।०० तथा प्रोत्साहन भत्ता वढि भुक्तानी रु.८०००।०० समेत रु.२०९००।०० असुल गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.....</td><td>२०९००.००</td></tr>
<tr><td>४०.</td><td>पेश्की फछ्र्यौट: आ.व. २०७३/७४ मा कायम भएको वेरुजु दफा १९ मा प्रा.स. दानवहादुर आचार्यको नाममा कायम भएको पेश्की वाँकी रु .८४८००।०० फछ्र्यौट भएको नदेखिएकोले उक्त पेश्की फछ्र्यौट गर्नुपर्ने रु.........</td><td>८४८००.००</td></tr>
<tr><td>४१.</td><td>अद्यावधिक बेरुजु स्थिति : ऐरावती गाँउपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ।<table><tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</td><td>यो वर्षको सं.प.बाट कायम समेत बेरुजु (रु.)</td><td>जम्मा बेरुजु (रु.)</td></tr><tr><td>६०७०००.००</td><td>४५७८०३१.७०</td><td>५१८५०३१.७०</td></tr></table>उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असूल फछ्र्यौट गरिनुपर्दछ।</td><td></td></tr>
</table>

# ऐरावती गाँउपालिका

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

**अनुसुची १**

**(रु.हजारमा)**

| स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| ऐरावती गाँउपालीका, प्युठान | ३८ | २६ | ११७२२ | १२ | १७ | ७१४४ | २६ | ९ | ४५७८ | ३१७३ | ० | १३२० | ० | ० | १३२० | ८५ | ० | ८५ |

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

**अनुसुची २**

**(रु.हजारमा)**

| स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ऐरावती गाँउपालीका | प्युठान | १०४०१ | १६०४५८ | ९४०३० | ४२४०३ | २९६८९१ | १९१६६ | ९६५५० | १३४६२२ | २५०३३८ | ५६९५४ |